बैठक संख्याः ५० को पहिलो बैठक मितिः २०८२।०३।२६ समयः विहान ८:०० बजे

आज मिति २०८२।०३।२६ गते गुराँस गाउँपालिका दैलेखको ५०औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी. ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरुमाथि निर्णय गरी पारीत गरीयो ।

तपसिलः

| | |
|---|---|
| श्री टोप बहादुर वि.सी. | - गाउँपालिपालिका अध्यक्ष |
| श्री शिवा कुमारी खड्का | - गाउँपालिपालिका उपाध्यक्ष |
| श्री धर्म बहादुर रावल | - वडा अध्यक्ष वडा न. १ |
| श्री शेर बहादुर रावल | - वडा अध्यक्ष वडा न. २ |
| श्री काँशीराम शर्मा | - वडा अध्यक्ष वडा न. ३ |
| श्री खड्क बहादुर शाही | - वडा अध्यक्ष वडा न. ४ |
| श्री भुपेन्द्र बहादुर चन्द | - वडा अध्यक्ष वडा न. ५ |
| श्री चन्द्र बहादुर राना | - वडा अध्यक्ष वडा न. ६ |
| श्री नन्द बहादुर वि.सी. | - वडा अध्यक्ष वडा न. ७ |
| श्री दिपेन्द्र वली | - वडा अध्यक्ष वडा न. ८ |
| श्री अमृता कुमारी वि.सी. | - कार्यपालिका सदस्य |
| श्री विर्मा वि.क. | - कार्यपालिका सदस्य |
| श्री पम्फि वि.क. | - कार्यपालिका सदस्य |
| श्री भुमीसरा वली | - कार्यपालिका सदस्य |
| श्री कुलविर वि.क. | - कार्यपालिका सदस्य |
| श्री सम्झना कुमारी वुढा | - कार्यपालिका सदस्य |
| श्री दिल बहादुर पौडेल | - प्रमुख प्रशासकिय अधिकृत (सचिव) |

सहयोगी

| | |
|---|---|
| १ खेमराज उपाध्याय | सहायक पाँचौ |
| २ पुर्ण बहादुर वली | सचिवालय सहयोगी |
| ३ खगीसरा बि क | का स |

**५० औ बैठकका प्रस्तावहरुः**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. चालु आ.व.२०८१।०८२ को समिक्षा तथा वित्तिय प्रगती प्रगति प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।

३. चालु आ.व.२०८२१।०८३ को बजेट बाँडफाँड तथा तर्जुमा सम्बन्धमा ।

४. १६औ गाउँसभामा निति तथा कार्यक्रम प्राप्त भएका सुझाव समावेश सम्बन्धमा ।

५. गाउँसभा समापन मिति निर्धारण र व्यवस्थापन सम्बन्धमा ।

६. भुमिहिन दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुको कार्य प्रक्रिया सम्बन्धमा ।

७. कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन र सेवा करारको म्याद थप गर्ने सम्बन्धमा ।

८. चालु आ.व.२०८१।०८२ को प्रगति प्रतिवेदन तयारी सम्बन्धमा ।

९. अदालती प्रयोजनका लागि अख्तियार प्रत्यायोजन सम्बन्धमा ।

१० प्रदेश योजनाको संशोधन सम्बन्धमा ।

११. विधुत लाईन उपलब्ध गराउने र सामुदायिक विधुतिकरण संचालन व्यवस्थापन सम्बन्धमा ।

१२. ठेक्का रद्द र कारवाही सम्बन्धमा ।

१३. कार्य विधि पारीत गर्ने सम्बन्धमा ।

१४. साझेदारी सहमती सम्बन्धमा ।

**१५. विविध**

क) त्रिपाल उपलब्धता सम्बन्धमा ।

टोप बहादुर बि.सी.
अध्यक्ष

निर्णयहरु :

**निर्णय नं. १:**
**प्रस्ताव नं १** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको ४९ औं बैठकले गरेका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समिक्षा गर्दा उक्त बैठकमा भएका २७ वटा निर्णहरु मध्ये निर्णय कार्यान्वयन भएको र कार्यान्वयन नभएका निर्णयहरुको हकमा यथाशिघ्र कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरीयो ।
**निर्णय नं. २:** प्रस्ताव नं २ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यापालिकाको चालु आर्थिक वर्ष २०८१।०८२ को कुल स्वीर्कत वार्षिक बजेट रु ६७ करोड ९० लाख ७४ हजार मध्ये तपसिल बमोजिम श्रोतगत खर्च भएको छ ।

**तपसिल**

| क.स. | श्रोतगत शिर्षक | विनियोजन गत प्रगती प्रतिसत | निकासा गत प्रगती प्रतिसत | कैफियत |
|---|---|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | ८०।०३ | ८७।२२ | |
| २ | संघीय सशर्त अनुदान | ८६।०१ | १००।० | |
| ३ | संघीय समपुरक अनुदान | १९।१२ | १००।० | |
| ४ | संघीय राजश्व वाडफाँड | ८७।७२ | ९७।१७ | |
| ५ | प्रदेश समानिकरण अनुदान | ७१।०६ | ७१।०६ | |
| ६ | प्रदेश सशर्त अनुदान | ८२।४५ | १००।० | |
| ७ | प्रदेश विशेष अनुदान | ८६।८३ | १००।० | |
| ८ | प्रदेश समपुरक अनुदान | ४४।५४ | १००।० | |
| ९ | प्रदेश राजश्व वाडफाँड | ४५।५३ | ७४।०० | |
| १० | आन्तरीक श्रोत | ४७।८७ | ७२।८३ | |
| | **जम्मा** | ८०।२६ | ९०।२३ | |

समग्रमा चालु खर्च तर्फ ८४।४९ प्रतिसत र पूजिगत तर्फ ७२।५७ प्रतिशत गरी सामाजिक सुरक्षा सहित कुल जम्मा ८१।४३ प्रतिशत वित्तिय प्रगती भएकाले पूजिगत प्रगति न्यून हुनुको कारण पत्ता लगाई सम्बन्धीत निर्माण व्यावसायि, शाखा, वडा, तथा अनुगमन समिति कसको लापरवाहिका कारण पूजिगत प्रगति न्यून भएको हो सोको विस्तृत छानविन गरी प्रतिवेदन पेश गर्न तपसिलका पदाधिकारी रहेने गरी एक समिति गठन गर्ने र सो समितिले आगामी बैठकका पेश गरेको प्रतिवेदनका आधारमा अन्य प्रक्रिया अगाडी वढाउने निर्णय गरीयो साथै चालु आर्थिक वर्षमा संचालित सबै कार्यक्रमहरुको वार्षिक प्रगति प्रतिवेदन सबै शाखाहरुवाट माग गरी एकिकृत रुपमा आगामी बैठकमा पेश गर्न निर्देशन दिने र सोहि आधारमा आगामी आ.व.को बजेट निर्माण गर्न जिम्मेवारी प्रदान गर्ने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

तपसिल

उपाध्यक्ष श्री शिवा कुमारी खड्का संयोजक

प्रमुख प्रशासकिय अधिकृत श्री दिल बहादुर पौडेल सदस्य

कार्यपालिका सदस्य श्री कुलविर वि.क. सदस्य

**निर्णय नं. ३:** प्रस्ताव नं ३ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको गाउँसभाको १६ औ अधिवेशन मा आगामी आ.व. ०८२/०८३ को लागि पेश भएको वार्षिक निति तथा कार्यक्रममा थप प्रभावकारीताका लागि विभिन्न माध्यम र निकायहरु तथा गाउ सभा सदस्यहरुवाट प्राप्त भएका भएका सुझावहरु समेत समावेश गरी निति तथा कार्यक्रम प्रकाशित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४:** प्रस्ताव नं ४ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको आगामी आ.व. ०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमाका लागि बजेट सिमा निर्धारण समितिको बैठकवाट निर्णय भई प्राप्त भएको बजेट सिमा अनुसार वडास्तरवाट प्राप्त भएका शिफारीस सबै पक्षका सुझाव र प्रथामिकताका आधारमा बजेट श्रोत र सिमा भित्र रहि बजेट विनियोजन तथा रकम बाँडफाँड गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ५:** प्रस्ताव नं ५ माथि छलफल गर्दा गुराँस गाउँपालिका गाउँ कार्यपालिकाको १६औ सभाको अधिवेशनको दोस्रो बैठक आगामी असार ३० गते दिनको १२ वजे गुराँस गाउँपालिकाको सभा हलमा वस्ने गरी आवश्यकिय व्यवस्थापन गर्ने साथै उक्त गाउँ सभाको १६ औ अधिवेशनमा कर्णाली प्रदेशका मानिय प्रदेश प्रमुख ज्यूलाई विषेष सम्वोधनका लागि आमन्त्रण गर्ने र गुराँस गाउँ कार्यपालिकाको तर्फवाट गाउपालिका उपाध्यक्ष श्री शिवा कुमारी खड्का मार्फत आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम अन्तिम स्वीकृतिका लागि पेश गर्ने निर्णय गरीयो ।

निर्णय नं. ६: प्रस्ताव नं ६ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको भुमि हिन दलित, सुकुम्वासी र अव्यवस्थित वासोवासीहरुको व्यवस्थापनका लागि गुराँस गउँपालिकाको कार्यालयवाट प्रकाशित सुचना अनुसार प्राप्त विवरणहरु भुमि व्यवस्थापन शाखा वाट प्रमाणित भइ NALCIS प्रणलिमा प्रविष्ट भइ

टोप बहादुर वि.सी.
अध्यक्ष

गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमट्टा, दैलेख
कर्णाली प्रदेश नेपाल

स्वीकृत भएका फाइलहरु निवेदन अनुसार जग्गा प्राप्तीका लागि भुमि समस्या सामाधान आयोग जिल्ला समिति दैलेखलाई आवश्यक प्रक्रिया पुरा गरी जग्गा प्राप्ती प्रक्रिया अगाडि बढाउने निर्णय गरीयो ।

**निर्णय नं. ७:** प्रस्ताव नं ७ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको कार्यालय रानिमत्ता र मातहतका विभिन्न निकायहरुमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकनका सम्बन्धमा सेवा करारका कर्मचारीहरुको हकमा कार्यालयको नियमानुसार तोकिएको समिति मार्फत कार्य सम्पादन मुल्यांकन भई मूल्यांकनमा उत्तिर्ण कर्मचारीहरुको सेवा करारको म्याद थप गर्न गाउँपालिकाको १६औ सभाको दोस्रो बैठकमा स्वीकृतिका लागि पेश गर्ने र कार्यालयका स्थाई कर्मचारीहरुको हकमा कार्यपालिकाको तर्फवाट मापदण्ड वनाई वडा कार्यालय विद्यालय र स्वास्थ्य सेवामा समेत कार्यरत कर्मचारीहरुको सम्बन्धमा राम्रो वा नराम्रो को सम्बन्धमा वडा अध्यक्षज्यरुहरु वाट र कार्यपालिकाको तर्फ वाट पालिकास्तरवाट कार्यसम्पादन मूल्यांकन गरी सो को रेकर्ड राख्ने निर्णय गरीयो साथै सेवा करारका कर्मचरीहरुको अन्तिम कार्यसम्पादन मुल्यांकन हेरी आगामी बैठकमा थप निर्णय गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८:** प्रस्ताव नं ८ माथि छलफल गर्दा गुराँस गाउँपालिकाको चालु आ.व. ०८१।८२ मा विभिन्न शाखाहरुवाट सम्पादन गरीएका कार्यक्रमहरुको विस्तृत विवरण संकलन गरी वार्षिक प्रगती प्रतिवेदन तयार गर्ने आगामी बैठकमा प्रगति प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय गरीयो ।

**निर्णय नं. ९ प्रस्ताव नं. ९** माथि छलफल गर्दा गुराँस गाउँपालिका दैलेखलाई विपक्षी वनाई सम्मानित जिल्ला अदालत दैलेखमा नेपाल कृषि अनुसन्धान केन्द्रका पूर्व साझेदार संचालक देवेन्द्र अधिकारीले दायर गरेको मुद्दामा लिखित जवाफ पेश गरी वारेस नियुक्ति गर्न, कानुन व्यावसायि नियुक्ति लगाएत जो जे गर्नु पर्ने हो सो सबै कार्य गर्न गुराँस गाँउपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री टोप बहादुर वि.सी.लाई अख्तियारी प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १० प्रस्ताव नं. १०** माथि छलफल गर्दा गुराँस गाउँपालिकामा कार्यान्वयन हुनेगरी कर्णाली प्रदेश सरकार मातहतका विभिन्न मन्त्रालय सम्बद्ध प्रदेश स्तरीय योजनाहरुको छनौट भई योजना प्राप्त भएकोमा देहायका योजनाहरुको नाम फरक परेकाले योजना रकम यथावत रहने गरी निम्नानुसारको

टोप बहादुर वि.सी.
अध्यक्ष

योजना शंसोधन गर्न वडा स्तरवाट माग भइ आएकाले योजना संशोधनका लागि कर्णाली प्रदेश आर्थिक मामिला मन्त्रालयमा योजना संशोधनका लागि अनुरोध गरी पठाउने निर्णय गरीयो ।

**तपसिल**

| क्र.स. | स्वीकृत भई आएका योजनाको नाम | वडा नं. | हुनुपर्ने नाम | वडा न | कैफियत |
|---|---|---|---|---|---|
| १ | लक्ष्मि प्रा.वि.भवन निर्माण | ८ | श्री महालक्ष्मी आ.वि.भवन निर्माण योजना | ७ | |
| २ | टोटा पोखरा सिचाई पोखरी निर्माण | ३ | टोटा पोखरा खानेपानी एक घर एक धारा निर्माण योजना | ३ | |
| ३ | दोवाटो लिफ्‌टीङ्ग योजना | ३ | दोवाटो लिफ्‌टीङ्ग योजना | ४ | |
| ४ | गुराँस ४ कुमखोला देखी गुराँस ३को पेटारी सम्म सडक | ४ | सियाकोट देखि १५ शैया अस्पताल सम्म डक निर्माण योजना | ४ | |
| ५ | तिजु गैरा मुहान देखि लामतडा डाडा खङ्के सम्म सिचाई योजना | ५ | तिजु गैरा मुहान देखि लामतडा डाडा र पारीखेत छहरे खोलाखेत सम्म सिचाई योजना | ५ | |
| ६ | कालेखोला सान्टाकुरा स्याउली बजार खानेपानी योजना | २ | र्‌यादेखोला माथिल्लो लम्चुडी काटिया हुदै सान्टाकुरा स्याउलीबजार खानेपानी योजना | २ | |
| ७ | गुराँस कृषि क्याम्पसको भौतिक प्रयोगशाला निर्माण, गुराँस -८. | ८ | गुराँस कृषि क्याम्पसको भौतिक प्रयोगशाला निर्माण गुराँस - ८। | ८ | |

**निर्णय नं. ११ प्रस्ताव न.. ११** माथि छलफल गर्दा गुराँस गाउँपालिका को सिमा क्षेत्रमा वसोवास गर्ने वीरेन्द्रनगर नगरपालिकाको वडा नं.१५ दैलेख सुर्खेत सिमा क्षेत्रमा विधुत लाईन विस्तारका लागि विधुत उपलब्ध गराउन विरेन्द्रनगर नगरपालिकावाट माग भई आएकाले उल्लेखित वडा नं. १५ को सिमा क्षेत्रमा विधुत लाईन वितरण गर्न गुराँस गाउँपालकिाको सामुदायिक विधुतिकरणको लाईनवाट छुट्टै TOD मिटर राखि सो सम्बन्धीको सबै लागत सवन्धीत नगरपालिकाको हुनेगरी सामुदायिक विधुतीकरणको लाईनको विधुत विरेन्द्रनगर नगरपालिका वडा नं १५ को दैलेख सुर्खेत सिमा क्षेत्रका नागरीकहरुलाई विधुत उपलब्ध गराउने साथै सामुदयिक विधुतिकण संचालन व्यवस्थापन सम्बन्धी आवश्यक कार्य नेपाल विद्युत प्राधिकरण सुर्खेत संग सहयोग माग्ने निर्णय गरीयो ।

टोप बहादुर बि.सी.
अध्यक्ष

**निर्णय नं. १२ प्रस्ताव नं. १२** माथि छलफल गर्दा गुराँस गाउँपालिकामा चालु आर्थिक वर्ष २०८१।०८२ मा ठेक्का प्रक्रियामा मार्फत पुर्वाधारका कार्य संचालन गरेका तपसिलका ठेक्काका निर्माण व्यावसायिहरुले निर्धारित समयमा तोकिए बमोजिमको कार्यसम्पन्न नगरेकाले बाँकी कामको ठेक्का म्याद थप नगरी तपसिलका निर्माण व्यावसायिलाई कारवाहिका लागि लेखि पठाउने निर्णय गरीयो ।

तपसिल

**१. बाल्याक माम्बा कन्स्ट्रक्सन प्रा.लि., वीरेन्द्रनगर २, सुर्खेत ।**

**२. जयदुर्गा एस एस कन्स्ट्रक्सन प्रा.लि., नारायण १, दैलेख ।**

**निर्णय नं. १३ प्रस्ताव नं. १३** माथि छलफल गर्दा गुराँस गाउँपालिकाको शिक्षा क्षेत्रको एकिकृत विकासका लागि सामाजिक विकास समिति वाट पेश हुन आएको तपसिलको कार्यविधि पारीत गर्ने निर्णय गरीयो ।

**तपसिल**

१. शिक्षाको पेशागत सहयोग र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२

**निर्णय नं.१४ प्रस्ताव नं. १४** माथि छलफल गर्दा गुराँस गाउँपालिकामा खानेपानी तथा सरसफाईका क्षेत्रमा गाउपालिका संग साझेदार रुपमा काम गर्न हुरन्डेक गैर सरकारी संस्थाले साझेदार सुनिश्चिता सहमति माग गरेकाले गुराँस गाउँपालिकाको साझेदारीमा गाउँपालिकाको निति तथा कार्यक्रम अनुसार खानेपानी सम्बन्धी साझेदार सस्थाको रुपमा कार्यगर्न साझेदार सुनिश्चितता पत्र मार्फत सहमती प्रदान गर्ने निर्णय गरीयो ।

**निर्णय नं.१५ विविध**

**निर्णय नं. १५ विविधको क** प्रस्ताव माथि छलफल गर्दा गुराँस गाउँपालिकाको वडा कार्यालयहरुको सिफारीसमा विपन्न परिवारहरुका लागि सिफारीस भई माग पेश गरेका नागरीकहरुका लागि पालिकास्तरवाट वितरण गरीएका त्रिपालहरुको माग र वितरण अनुमोदन गर्दै बर्षदका कारण परिस्थिति जन्य विपद लाई मध्यनजर गरी वडा स्तरवाट सहयोग उपलब्ध गराउने गरी प्रत्ययेक वडामा ४ ।४ थान का दरल वडा अध्यक्ष जिम्मेवार हुनेगरी विपद पूर्व तयारी गर्न त्रिपाल उपलब्ध गराउने निर्णय गरीयो ।

टोप बहादुर वि.सी.
अध्यक्ष